मार्मा गाउँपालिका राजपत्र

खण्डः२ संख्याः३ मितिः२०७५/०२/१०

भागः२

# सामुदायिक स्वास्थ्य केन्द्र इकाइ सञ्चालन निर्देशिका,२०७५

## मार्मा गाउँपालिका

## लटिनाथ दार्चुला

## सुदूरपश्चिम प्रदेश नेपाल

**सामुदायिक स्वास्थ्य केन्द्र इकाइ सञ्चालन निर्देशिका,२०७५**

**प्रस्तावानाः** नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकहरुको सहज पहुँच पुग्ने गरी प्रभावकारी रुपले निःशुल्क रुपमा उपलब्ध गराउन गरी विपन्न जोखिममा र सिमान्तकृत, पहुँच सेवामा स्वास्थ्य आधारभुत समुदायहरुको रहेका गर्न सुनिश्चित समतामुलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य सेवाको कार्यक्रम लागु गर्न ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुर्याउने कार्य लाई थप शसक्त

बनाउदै लैजान भौगोलिक क्षेत्र र जनसंख्याको आधारमा नागरिकहरुलाइ छोटो दुरीमा स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यले सामुदायिक स्वास्थ्य केद्र (ईकाइ) स्थापना तथा संचालनको उचित व्यवस्था गरी सेवाको गुणस्तर बृद्धि गर्न मार्मा गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१ प्रारम्भः र नाम संक्षिप्त.** (क) यस निर्देशिकाको नाम सामुदायिक स्वास्थ्य केन्द्र (ईकाइ) संचालन निर्देशिका २०७५ रहेको छ ।

(ख) यो दिर्नेशिका कार्यपालिकाबाट प्रमाणित स्वीकृत भएको दिन देखि लागु हुने छ ।

**२ व्यवस्थापन तथा संचालन केन्द्र स्वास्थ्य सामुदायिक. समितिः** स्थानीय समुदायको माग अनुसार प्राथमिकता हेरी स्थानीय तहले आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य केन्द्र(ईकाइ) संचालन तथा व्ववस्थापन गर्न तपसिल बमोजिम पदाधिकारी रहेको साम्दायिक स्वास्थ्य केन्द्र संचालन समिति रहने छ।

(क) सामुदायिक स्वास्थ्य केन्द्र रहेको वडाको वडा अध्यक्ष – संयोजक

(ख)सामुदायिक स्वास्थ्य केन्द्र रहेको नजिकको स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधि सदस्य –

(ग) स्थानीय तहले तोकेको सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंमसेविका – सदस्य

(घ)व्यवस्थापन समितिले मनोनयन गरेको जग्गा दाता वा सहयोगि व्यक्ती मध्ये एक जना – सदस्य

(ङ) स्थानीय तहले तोकेको समाजसेवी एक जना
- सदस्य

(च) विद्यालयकका प्र.अ.हरु मध्येबाट व्यवस्थापन समितिले तोकेको एक जना - सदस्य

(छ) सम्बन्धित वडाको निर्वाचित दलित महिला र महिला सदस्य दुई जना - सदस्य

(ज) सामुदायिक स्वास्थ्य केन्द्रको प्रमुख एक जना- सदस्य सचिव

**३) सामुदायिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः**

(क) स्वास्थ्य केन्द्र संचालन गर्न भौतिक पुर्वाधारको व्यवस्था गर्नु पर्ने छ ।

(ख) आवश्यकता अनुसार भौतिक तथा आर्थिक सहयोग जुटाउन सहयोग गर्ने ।

(ग) विभिन्न सरोकारवाला संघ संस्थासंग समन्वय गर्ने ।

(घ) सामुदायिक स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवाको अनुगमन तथा रेख देख गर्ने ।

(ङ) केन्द्रको निरन्तरताको निमित्त आवश्यक सबै प्रकारको सहयोग पुर्याउने ।

(च) सामुदायिक स्वास्थ्य केन्द्र संचालन समितिको बैठक प्रत्येक २ महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार
जतिखेर पनि बस्न सक्ने छ ।

(छ) बैठकको निर्णयको प्रतिलिपि गाउँपालिका स्वास्थ्य शाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**४) सामुदायिक स्वास्थ्य केन्द्र कोष सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक स्वास्थ्य केन्द्र संचालनको लागि

तपसिल बमोजिम प्राप्त रकम रहेको एक कोष रहने छ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) स्थानीय निकायबाट प्राप्त अनुदान रकम ।

(ग) सामुदायिक स्वास्थ्य केन्द्रको आफ्नै सेवा दस्तुर वाफत समितिले निर्णय गरे अनुसार प्राप्त हुने रकम।

(घ) अन्य संघ संस्था तथा व्यक्तीहरुबाट निशर्त प्राप्त हुने सहयोग ।

(२) कोष संचालनका लागि नेपाल सरकारबाट मान्यता प्राप्त वित्तीय संस्थामा सामुदायिक स्वस्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषमा जम्मा हुने रकम सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही समितिको निर्णयानुसार सामुदायिक स्वास्थ्य केन्द्र संचालनमा तथा व्यवस्थापनमा खर्च गरिनेछ ।

**५) जनशक्ती व्यवस्थापनः** (१) सामुदायिक स्वास्थ्य केन्द्रमा न्युनतम देहाय बमोजिमका जनशक्ती रहने छनः

(क) हेअहे वा.अ.ब जना १ –(ख) स्टाफ नर्स वा अनमी । जना१ –

**६) सामुदायिक स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने सेवाहरुः**

(१) सामुदायिक स्वास्थ्य केन्द्रबाट तपसिल बमोजिमका प्रवर्धनात्मक सेवाहरु उपचारात्मक र तिकारात्मकप्र , । छन हुने उपलब्ध

(क) सामान्य उपचार सेवा ।

(ख) खोप सेवा ।

(ग) गर्भवती सेवा तथा प्रसुती सेवा ।

(घ) परिवार नियोजन सेवा ।

(ङ) स्वास्थ्य सम्बन्धि राष्ट्रिय कार्यक्रमहरु (क्षय रोगआदि हात्तीपाइले, औँलो, रोग कुष्ट,) ।

(च) प्रवर्धनात्मक । सेवा प्रतिकारात्मक,

(छ) गाउँघर क्लिनिक संचालन ।

(ज) सामान्यतया स्वास्थ्य चौकी स्तरबाट प्रदान गरिने सेवा तथा औषधिहरु वितरण गर्न सक्नेछ ।

**७) सामुदायिक स्वास्थ्य केन्द्र प्रमुखको काम कर्तव्यः**

(१) सामुदायिक स्वास्थ्य केन्द्र प्रमुखको काम कर्तव्य अधिकार प्रचलित नियम बमोजिम हुनेछ।

(क) सार्वनजिक विदाका दिन बाहेक बिहान १० देखि साँझ ५ बजे सम्म विरामी जाँच औषधि वितरण अभिलेख प्रतिवेदन तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने ।

(ख) स्थानीय तहले तोके अनुसार कार्य गर्ने ।

८) यो निर्देशिका गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गरी लागु गर्नेछ ।

९) सामुदायिक स्वास्थ्य केन्द्र संचालन सम्बन्धि सर्वाधिकार गाउँपालिकामा निहित रहनेछ ।

आज्ञाले

राम कुमार राना

नि.प्रमुख प्रशासकीय अधिकृत